## शैक्षिक गुणस्तर परीक्षण केन्द्र

# वार्षिक बुलेटिन

असार, २०८१



शैक्षिक गुणस्तर परीक्षण केन्द्रको भवन

## सम्पादकीय

विद्यार्थीको सिकाइ उपलब्धिस्तरको परीक्षण तथा शैक्षिक निकाय एवम् शिक्षण संस्थाको कार्यसम्पादन परीक्षण गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले अलग्गै निकायको परिकल्पना गरेको थियो । यसै परिकल्पनाअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत २०६६ साल कार्तिक १३ गते शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो । स्थापनाको समयमा कार्यविधि तथा मार्गदर्शनमार्फत आफ्नो काम कारवाही अगाडि बढाएको यस केन्द्रलाई वि.सं. २०७३ सालको शिक्षा ऐनको आठौँ संशोधनले कानुनी आधार प्रदान गरेको हो । शिक्षा ऐन २०२८ को दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कामसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भनी स्पष्ट व्यवस्था छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७४ भदौ २७ गते शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी भई सोही निर्देशिकाअनुसार केन्द्रले आफ्नो कामकारवाही सञ्चालन गर्दै आएको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ५, ८ र १० को अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान गरी ४ विषयको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), कक्षा ३ का विद्यार्थीहरूको पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN), बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तरमा आधारित परीक्षण (ELDS based assessment), विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA) र स्थानीय तहको शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS) जस्ता कार्यहरू निरन्तर गर्दै आएको छ ।

केन्द्रबाट प्रशासनिक पारदर्शिता र संस्थागत जवाफदेहिताको जिम्मेवारीलाई निर्वाह गर्ने सन्दर्भमा वार्षिक बुलेटिन (ERO Bulletin) प्रकाशन मार्फत आर्थिक वर्ष २०८०/८१ मा केन्द्रले सम्पन्न गरेका मुख्य मुख्य कार्यक्रमलाई संक्षिप्त रूपमा यस बुलेटिनमा समेटिएको छ । यसका साथै केन्द्रका गतिविधि झल्कने गरी चित्रात्मक प्रस्तुतिलाई पनि बुलेटिनमा स्थान दिइएको छ ।

यस बुलेटिनमा केन्द्रद्वारा सञ्चालन भएका कार्यक्रमहरुको सञ्चालन प्रक्रिया एवम् उपलब्धि सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउने उद्देश्यले आर्थिक वर्षमा सञ्चालन गरिएका कार्यक्रमको विवरणलाई संक्षिप्त प्रस्तुत गरिएको छ । यसबाट शिक्षक, अनुसन्धानकर्ता, कर्मचारी तथा सरोकारवालाहरुलाई तथ्यपरक जानकारी हुन गई जिम्मेवारी, जवाफदेहिता तथा पारदर्शिता प्रवर्द्धन, सुशासन कायम गर्नमा सघाउ पुग्ने विश्वाशसमेत लिइएको छ । अन्त्यमा यस बुलेटिन प्रकाशनमा सहयोग गर्नुहुने सबैमा केन्द्र हार्दिक कृतज्ञ रहँदै रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

## १. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचयः–

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले शिक्षा सुधारको महत्वपूर्ण अवयवका रूपमा प्रणालीगत उत्तरदायित्वलाई व्यवहारमा कार्यान्वयन गर्न विशेष प्रकारको सङ्गठनको आवश्यकता बोध गरेअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत वि.सं. २०६६ साल कार्तिक १३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो । शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ७ ख. बमोजिम २०७३ सालदेखि यस केन्द्रलाई आफ्नो कार्य सञ्चालनका निमित्त कानुनी आधार प्राप्त भएको छ ।

ऐनले उल्लेख गरेका कार्यविवरण पूरा गर्ने सन्दर्भमा कार्य सञ्चालन प्रणालीलाई व्यवस्थित गर्न नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०७४ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सञ्चालन निर्देशिका जारी गर्‍यो । जसअनुसार केन्द्रले आवधिक रूपमा परीक्षण प्रतिवेदनहरू प्रकाशन गर्ने, मन्त्रालय र मन्त्रालयअन्तर्गतका विषयगत निकायहरूले तयार गर्ने योजना एवम् कार्यक्रममा उक्त नतिजाको प्रयोग गर्ने र विद्यालयस्तरमा व्यवस्थापकीय एवम् शिक्षण सिकाइका अभ्यास सुधारका लागि प्रतिवेदनका सिफारिसलाई अनुसरण गर्ने प्रयास हुँदै आएको छ ।

## २. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारः–

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरेको छः

(क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने,

(ख) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने,

(ग) जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने,

(घ) शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने,

(ङ) शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने,

(च) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन-अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने,

(छ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने,

(ज) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानका लागि मानवीय तथा संस्थागत क्षमता विकास गर्ने गराउने,

(झ) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन-अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

## ३. चालु आर्थिक वर्ष २०८०/०८१ मा केन्द्रले सम्पादन गरेका मुख्य मुख्य कार्यहरूः–

### ३.१. माननीय मन्त्रीज्यू, राज्यमन्त्रीज्यू समक्ष शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन हस्तान्तरणः–

चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office-ERO) बाट वार्षिक रुपमा सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA) तथा कार्यसम्पादन परीक्षण (Performance Audit-PA) अध्ययनका प्राप्ति एवम् सिफारिस सारांश र सिफारिस कार्यान्वयनका ठोस सुझावसमेत समेटिएको अर्थिक वर्ष २०७९/०८० को कार्यसम्पादनको आधारमा तयार गरिएको शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदनलाई मिति २०८० कार्तिक १६ गतेका दिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय श्री अशोककुमार राई र शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री माननीय श्री प्रमिला कुमारीलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रका महानिर्देशक श्री चन्द्रकान्त भुसालबाट सार्वजनिक समारोहका बीच हस्तान्तरण कार्यक्रम सम्पन्न भयो । वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नु अगाडि प्रतिवेदनमा समेटिएका विषयवस्तुको संक्षिप्त प्रस्तुति केन्द्रका महानिर्देशक श्री चन्द्रकान्त भुसालबाट भएको थियो ।

उक्त अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री सुरेश अधिकारीज्यू, माननीय राज्यमन्त्री प्रमिला कुमारीज्यू र माननीय मन्त्री श्री अशोककुमार राईज्यूले केन्द्रलाई महत्वपूर्ण सुझाव तथा निर्देशनसमेत दिनुभएको थियो ।



माननीय शिक्षा मन्त्री अशोक कुमार राईज्यू समक्ष प्रतिवेदन पेश गर्दै

## ३.२ समन्वय, सहकार्य र अनुगमनः–

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्ययसम्पादन परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासस्तरमा आधारित परीक्षण (ELDS based assessment), सेवाग्राही सन्तुष्टि सर्वेक्षण र अनुसन्धान तथा विकास जस्ता शैक्षिक गुणस्तर परीक्षण केन्द्रका मुख्य कार्यहरूलाई व्यवस्थित, प्रभावकारी र नियमित रुपमा सम्पादन र व्यवस्थापनका लागि यस केन्द्रले तहगत सरकार तथा यसका निकायहरू र विद्यालय तथा शैक्षिक निकायहरूसँग नियमित समन्वय, सहकार्य गर्नुका साथै कार्यक्रम कार्यान्वयनको प्रभावकारिता एवम् पृष्ठपोषण प्राप्तिका लागि अनुगमनसमेत गर्दै आएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा केन्द्रका महानिर्देशक, निर्देशक, अधिकृतलगायत अन्य कर्मचारीहरूबाट मन्त्रालय तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरी केन्द्रबाट सम्पादन गरिने वार्षिक स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन गर्ने कार्यहरू भएका छन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यसम्पादनलाई स्वतन्त्र तवरबाट अनुगमन गरी लेखाजोखा गर्न र भावी दिनका लागि सुझाव तथा पृष्ठपोषण प्राप्त गर्न तथा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (Performance Audit) का प्रतिवेदन तथा सिफारिसहरूको सचेतनाका लागि सञ्चारकर्मीहरूसँगको सहकार्यमा नमुनाका रुपमा विभिन्न जिल्लाहरूमा स्थलगत अनुगमन गरी प्रतिवेदन तयार कार्य पनि सम्पन्न भएका छन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र कार्यसम्पादन परीक्षण (PA) का प्रतिवेदनहरु एवम् सान्दर्भिक सिफारिसको प्रचार प्रसार एवम् सचेतना प्रयोजनका लागि विभिन्न सञ्चार संस्थासँग आवद्ध सञ्चारकर्मीसँग सहकार्य तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । नमुनाका रुपमा पाल्पा, मोरङ, सप्तरी, दोलखा, गोरखा, गुल्मी, मकवानपुर, तेह्रथुम, तनहुँ, दैलेख, कास्की, चितवन, बारा र रसुवा जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालयहरुमा तेस्रो पक्षको रुपमा स्वतन्त्र तवरले सम्बन्धित स्थानमा गई केन्द्रले सम्पादन गरेका कार्यहरुको विषय तथा केन्द्रका प्रतिवेदन तथा सिफारिसका विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन गर्नका लागि सम्झौता बमोजिम १४ जना सञ्चारकर्मी खटाइएकोमा तोकिएको अनुगमन गरी सोको प्रतिवेदन प्राप्त भएका छन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विगतमा गरिएका विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण (NASA) र कार्यसम्पादन परीक्षण (PA) लगायतका प्रतिवेदनमा औल्याइएका सुझावको कार्यान्वयन अवस्था सम्बन्धमा जानकारी लिई यस केन्द्रमा प्रतिवेदन पेस गर्ने र सुझावका सन्दर्भमा सरोकारवालाबीच प्रचार प्रसार गरी विद्यालय शिक्षाको समग्र गुणस्तर सुधारमा सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको औचित्य र उद्देश्य रहेको छ ।

## ३.३ नतिजा प्रबोधीकरण गोष्ठी सम्पन्नः–

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गरेका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit) तथा विद्यालय स्तरीकरण, प्रारम्भिक बालविकास केन्द्र, स्थानीय तह एवम् शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA), प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण (ELDS), कक्षा ३ का बालबालिकाहरूको पढाइ तथा गणितीय सिप परीक्षण (NARN), स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्ठि सर्वेक्षण (CSS), शिक्षा तालिम केन्द्र र गैरसरकारी संस्थाहरूको कार्यक्रमको प्रभावकारिता परीक्षण लगायतका कार्यहरूका प्रतिवेदनमा उल्लेखित प्राप्ति र सिफारिसका सम्बन्धमा सरोकारवालालाई जानकारी दिने उद्देश्यले यस आर्थिक

वर्षमा कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको दाङ, वागमती प्रदेशको काभ्रेपलाञ्चोक, मधेश प्रदेशको धनुषा र सुदुरपश्चिम प्रदेशको धनगढीमा एक दिवसीय प्रबोधीकरण गोष्ठी सम्पन्न गरिएको छ। गोष्ठीमा सहभागीहरूबिच कार्यक्रमको प्रस्तुतिको सेरोफेरोमा रहेर जिज्ञासा, छलफल र भावी कार्ययोजना तथा प्राप्त नतिजाका विषयमा अन्य निकायहरूको भूमिका एवम् जिम्मेवारीका सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरिएको थियो। उक्त कार्यक्रमहरु धुलिखेलमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव श्री सुमन घिमिरेको प्रमुख आतिथ्यमा, पोखरामा गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव श्री प्रकाश पौडेलको प्रमुख आतिथ्यमा, जनकपुरमा जनकपुर उपमहानगरपालिकाका उप प्रमुख श्री किशोरी शाहको प्रमुख आतिथ्यमा, सुर्खेतमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रका उपमहानिर्देशक श्री बसन्तप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा, धनगढीमा सुदुरपशचिम प्रदेशका प्रमुख सचिव डा. हरिप्रसाद लम्सालको प्रमुख आतिथ्यमा र दाङमा शिक्षा विकास निर्देशनालयका महानिर्देशक श्री दिवाकर भण्डारीको प्रमुख आतिथ्यमा सञ्चालन भएको थियो भने कार्यक्रममा शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा विकास तथा समन्वय इकाईका प्रमुखसहितको प्रतिनिधित्व रहनुको साथै सामाजिक विकास मन्त्रालयका प्रतिनिधि, कार्यक्रम सञ्चालन भएको स्थानीय तहका प्रमुख/उपप्रमुख साथै स्थानीय तहका शिक्षा शाखाका प्रमुख, नेपाल शिक्षक महासंघ साथै शिक्षकका पेशागत संघसंगठन प्रमुख तथा प्रतिनिधिहरु,सामुदायिक माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, संस्थागत विद्यालय संगठनका प्रमुख तथा प्रतिनिधि, संस्थागत विद्यालयका प्र.अ. र स्थानीय पत्राकारहरुको सहभागिता रहेको थियो।


गण्डकी प्रदेशस्तरीय नतिजा प्रबोधीकरण गोष्ठी पोखरामा महानिर्देशकज्यूबाट प्रबोधीकरण गोष्ठीलाई सम्बोधन गर्नुहुँदै।


मधेश प्रदेशस्तरीय नतिजा प्रबोधीकरण गोष्ठी, जनकपुर।


लुम्बिनी प्रदेशस्तरीय नतिजा प्रबोधीकरण गोष्ठी, दाङ।


सुदूरपश्चिम प्रदेशस्तरीय नतिजा प्रबोधीकरण गोष्ठी, धनगढी।


कर्णाली प्रदेशस्तरीय नतिजा प्रबोधीकरण गोष्ठी, सुर्खेत।


बागमती प्रदेशस्तरीय नतिजा प्रबोधीकरण गोष्ठी काभ्रेपलाञ्चोकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सह-सचिव सुमन घिमिरेज्यूबाट प्रबोधीकरण गोष्ठीलाई सम्बोधन गर्नुहुँदै।

### ३.४ गैरसरकारी संस्थाबाट सञ्चालित शिक्षासम्बन्धी कार्यक्रमको कार्यसम्पादन परीक्षणः–

गैरसरकारी संस्थाबाट सञ्चालित शिक्षासम्बन्धी कार्यक्रमको कार्यसम्पादन परीक्षणको लागि परीक्षण साधन अद्यावधिक गरी उक्त साधनको प्रयोगबाट Save the Children बाट कर्णाली प्रदेशका ३ जिल्ला कालिकोट, जाजरकोट र दैलेख जिलूलामा सञ्चालित शिक्षा सम्बन्धी सहयात्रा कार्यक्रम र Reed Nepal बाट कोशी प्रदेशको सोलुखुम्बु र ताप्लेजुङ जिल्लामा सञ्चालित Teacher Training and Ability Education Program को कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भई तथ्याङ्क सङ्कलन तथा विश्लेषण कार्य सम्पन्न भइसकेको छ यस कार्यबाट शिक्षासँग सम्बन्धित कार्य गर्ने गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको प्रभावकारिता अध्ययन गरी पृष्ठपोषण प्रदान गरिनुको साथै दिगो विकासको लक्ष्य नं ४.१ को लक्ष्य अनुरुप कार्य भए नभएको समेत थाहा हुने हुँदा गैर सरकारी संस्थाहरुसँगको सहकार्यमा सञ्चालन गरिने आगामी कार्यक्रम वितरणमा प्रभावकारी संस्था छनोटमा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

### ३.५ इच्छुक स्थानीय तहबाट कार्यान्यवनमा रहेको समग्र शैक्षिक कार्यक्रमको सेवाग्राही सन्तुष्टि लेखाजोखा सञ्चालनः–

स्थानीय तहको शिक्षा सेवा प्रवाहको लेखाजोखा गर्ने र कमी कमजोरी भए सुधारका लागि सुझाव दिनुका साथै सञ्चालित शैक्षिक कार्यक्रमहरु प्रचलित नियम कानुनअनुसार छन छैनन कार्यक्रमको प्रभावकारिता कस्तो रह्यो भन्ने विषयमा सेवाग्राहीबाट सन्तुष्टी लेखाजोखा गर्ने कार्यक्रम रहेकोमा ७ वटै प्रदेशका १२ ओटा जिल्लामा यो कार्यक्रम सञ्चालन भयो । यो कार्यक्रम सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लाको घोडाघोडी नगरपालिका, टिकापुर नगरपालिका र कैलारी गाउँपालिका, कर्णाली प्रदेशको सुर्खेत जिल्लाको भेरी नगरपालिका, पञ्चपुरी नगरपालिका र चौकुने गाउँपालिका, लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको लुम्बिनी साँस्कृतिक नगरपालिका, कञ्चन गाउँपालिका र सियारी गाउँपालिका, बागमती प्रदेशको मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका, बागमती गाउँपालिका र मनहरी गाउँपालिका, धादिङ जिल्लाको निलकण्ठ नगरपालिका, गल्छी गाउँपालिका र सिद्धलेक गाउँपालिका, काभ्रेपलाञ्चोक जिलूलाको पनौती नगरपालिका, बनेपा नगरपालिका र तेमाल गाउँपालिका, गण्डकी प्रदेशको लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका, दुधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको मध्यविन्दु नगरपालिका, बुलिङटार गाउँपालिका र हुप्सेकोट गाउँपालिका, मधेश प्रदेशको बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका, सिम्रौनगढ नगरपालिका र देवताल गाउपालिका, धनुषा जिल्लाको मिथिला विहारी नगरपालिका, सहिदनगर नगरपालिका र धनौजी गाउँपालिका, कोशी प्रदेशको मोरङ जिल्लाको उर्लाबारी नगरपालिका, लेटाङ नगरपालिका र रङ्गेली नगरपालिका, इलाम जिल्लाको माइ नगरपालिका र चुलाचुली गाउँपालिका गरी जम्मा ३५ पालिकामा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । यस कार्यक्रममा हरेक जिल्लामा ६/६ ओटा विद्यालय समावेश गरिएको थियो भने इलाम जिल्लामा भने ४ वटा विद्यालय मात्र समावेश गरिएको थियो । प्रत्येक स्थानीय तहमा कार्यसम्पादनको निम्ति २/२ जनाको दरले विज्ञहरु खटाइएको थियो । यस कार्यक्रमामा ३५ वटा स्थानीय तहमा १०५० जना सेवाग्राहीहरुः प्र.अ., वि.व्य.स. अध्यक्ष तथा सदस्य, अभिभावक, विद्यार्थी र शिक्षक रहेका थिए ।

### ३.६ स्थानीय तहको शिक्षा शाखाको कार्यसम्पादन परीक्षणः साधन विकास तथा नमुनाको रुपमा कार्य सम्पादन परीक्षणः–

स्थानीय तहहरुबाट सञ्चालन गरिएका दैनिक कार्यक्रमहरुको कार्य सम्पादनको अवस्था, सुधारका क्षेत्र पहिचान गरी सम्बन्धित स्थानीय तहका साथै प्रदेश सरकार र संघीय सरकारलाई समेत सुधारका लागि सुझाव प्रदान गर्ने लक्ष्यका साथ यस कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाइएको थियो । यसमा गत आर्थिक वर्षमा भएका ३५ ओटा स्थानीय तहको कार्यसम्पादन परीक्षणको तथ्याङ्कलाई अनलाइन कम्प्युटर इन्ट्री र विश्लेषण गरी प्राप्त प्रतिवेदनको आधारमा कार्यसम्पादन साधन अद्यावधिक र विकास गरी online application मार्फत सात प्रदेशका १२ जिल्लाका ३५ ओटा स्थानीय तहमा विज्ञहरुद्वारा कार्यसम्पादन परीक्षण गरियो । स्थानीय तहको शिक्षा शाखाको कार्यसम्पादन परीक्षण कैलाली जिल्लाको घोडाघोडी नगरपालिका, टिकापुर नगरपालिका र कैलारी गाउँपालिका, सुर्खेत जिल्लाको भेरी नगरपालिका, पञ्चपुरी नगरपालिका र चौकुने गाउँपालिका, रुपन्देही जिल्लाको लुम्बिनी सांस्कृतिक नगरपालिका, कञ्चन गाउँपालिका र सियारी गाउँपालिका, मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका, बागमती गाउँपालिका र मनहरी गाउँपालिका, धादिङ जिल्लाको निलकण्ठ नगरपालिका, गल्छी गाउँपालिका र सिद्धलेक गाउँपालिका, काभ्रे जिल्लाको पनौती नगरपालिका, बनेपा नगरपालिका र तेमाल गाउँपालिका, लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका, दुधपोखरी गाउँपालिका र दोर्दी गाउँपालिका, नवलपुर जिल्लाको मध्यविन्दु नगरपालिका, बुलिङटार गाउँपालिका र हुप्सेकोट गाउँपालिका, बारा जिल्लाका जितपुर सिमरा उपमहानगरपालिका, सिम्रौनगढ नगरपालिका र देवताल गाउपालिका, धनुषा जिल्लाको मिथिला विहारी नगरपालिका, सहिदनगर नगरपालिका र धनौजी गाउँपालिका, मोरङ जिल्लाका उर्लाबारी नगरपालिका, लेटाङ नगरपालिका र रङ्गेली नगरपालिका, इलाम जिल्लाको माई नगरपालिका र चुलाचुली गाउँपालिकामा सञ्चालन गरियो ।



सेवाग्राही सन्तुष्टि लेखाजोखा र स्थानीय तह कार्यसम्पादन परीक्षण गर्न जाने परीक्षक अभिमुखीकरण कार्यक्रम



सेवाग्राही सन्तुष्टि लेखाजोखा र स्थानीयतह कार्यसम्पादन परीक्षण गर्न जाने परीक्षक अभिमुखीकरण

## ३.७ परिवर्तित पाठ्यक्रममा आधारित कक्षा १० को NASA Framework विकासः–

विगत लामो समयदेखि यस केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) सञ्चालन गर्दै आएको सन्दर्भमा उक्त परीक्षण कार्य सञ्चालनका लागि NASA Framework विकास गर्दै आएको छ । यस परिप्रेक्ष्यमा परिवर्तित माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा आधारित भई चारओटा विषयहरु अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान तथा प्रविधिको कक्षा १० को Assessment Framework विकास गर्ने कार्य सम्पन्न भएको छ । यसबाट आगामी वर्षहरुमा सञ्चालन गरिने कक्षा १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणमा सैद्धान्तिक र प्रक्रियागत आधार तयार हुनुको साथै परीक्षणका साधनहरु निर्माण गर्न विश्वसनीय आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## ३.८ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) को पूर्व परीक्षणः–

कक्षा ३ पूरा गरेका विद्यार्थीहरुको पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) का लागि प्रयोग गरिने परीक्षण साधनलाई स्तरीकरण गर्ने उद्देश्यका साथ NARN को पूर्व परीक्षण गर्ने कार्य सम्पन्न गरियो । यसको लागि विज्ञ समूहबाट निर्माण गरिएका गणित र नेपाली गरी दुईओटा विषयको प्रश्नावलीलाई सम्बन्धित विषयको विषय समितिमा छलफल गरी अन्तिमीकरण गरियो र परीक्षण साधन तयार गरियो । यसरी तयार गरिएको परीक्षण साधनको प्रयोग र परीक्षण सञ्चालन सम्बन्धी १० ओटा जिल्ला (खोटाङ, भोजपुर, उदयपुर, बारा, सिन्धुली, ललितपुर, अर्घाखाँची, रुकुमपूर्व, जुम्ला र दार्चुला) का शिक्षा विकास तथा समन्वय इकाइसँगको सहकार्यमा परीक्षण सञ्चालक (Test administrator) र परीक्षण अनुगमनकर्ताहरुको लागि दुई दिने परीक्षण सञ्चालन अभिमुखीकरण कार्य सम्पन्न गरियो । परीक्षण कार्यका लागि प्रत्येक जिल्लाका ८ ओटा विद्यालयहरु पर्ने गरी ८० ओटा विद्यालयहरु छनोट गरिएका थिए । अभिमुखीकरण पश्चात प्राप्त परीक्षण सञ्चालकहरुबाट पूर्व परीक्षण सञ्चालन गरी उत्तरपुस्तिका संकलनसमेत गरियो । उक्त उत्तरपुस्तिकाको परीक्षण गरी सोको डाटा इन्ट्री गरी नतिजा विश्लेषणका आधारमा NARN सञ्चालकका लागि परीक्षण साधन अन्तिमीकरण गरियो ।



NARN सञ्चालनका लागि अभिमुखीकरण कार्यक्रम

## ३.९ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) :–

कक्षा ३ का विद्यार्थीमा नेपाली र गणित विषयमा हुनुपर्ने न्यूनतम सिकाइ उपलब्धि कुन स्तरमा हासिल भएको छ भन्ने प्रामाणिक आधार लिनका लागि पढाइ तथा गणितीय सिप परीक्षण एक महत्वपूर्ण कार्य प्रक्रिया हो । यस परीक्षणका उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१. कक्षा ३ मा अध्ययनरत बालबालिकाको भाषिक तथा गणितीय सिपको वर्तमान अवस्थाको जानकारी लिनु
२. भाषिक तथा गणितीय सिपको न्यूनतम उपलब्धि हासिल गर्न विद्यार्थीको आर्थिक, सामाजिक तथा भौगोलिक अवस्थाले पार्ने प्रभाव पत्ता लगाउनु
३. विद्यालय तथा प्रधानाध्यापकको पृष्ठभूमिका कारण भाषिक तथा गणितीय सिपको उपलब्धिमा पर्ने प्रभावको अध्ययन गर्नु
४. उपलब्धि स्तरलाई सुधार गर्नका लागि नीति तथा कार्ययोजनामा परिमार्जन गर्न प्रमाणमा आधारित सुझाव प्रदान गर्नु

नेपाली र गणित विषयको एउटै बुकलेट हुनु, सामुहिक तथा व्यक्तिगत दुबै स्वरुपमा परीक्षण हुनु, नेपाली विषयमा बोलाइ सिपकोसमेत परीक्षण हुनु र यस परीक्षणमा सामुदायिक विद्यालयलाई मात्र सहभागी गराइनु NARN का विशेषता हुन् ।

NARN सञ्चालनको लागि PPS (Probasiliry Proportionate to Size) प्रणालीमार्फत देशभरबाट ३३ जिल्ला छनोटमा परेका थिए । परीक्षण सञ्चालन प्रक्रियालाई स्तरीकृत, मर्यादित र वस्तुनिष्ठ बनाउन छनोट भएका जिल्लालाई ३ ओटा Cluster (चितवन, विराटनगर, नेपालगञ्ज) मा विभाजन गरी सम्बन्धित जिल्लाका शिक्षा, विकास तथा समन्वय इकाई प्रमुख र परीक्षण सञ्चालकलाई परीक्षण सञ्चालनसम्बन्धी तालिम सहजीकरण गर्न सक्ने कर्मचारी वा मा.वि. तहका एक जना शिक्षकलाई २ दिने अभिमुखीकरण कार्यशाला सञ्चालन गरियो । अभिमुखीकरण कार्यशालापश्चात जेठ महिनाको दोस्रो साताबाट सम्बन्धित जिल्लामा परीक्षण सञ्चालन गरिएको थियो । परीक्षण अवधिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

शैक्षिक गुणस्तर परीक्षण केन्द्र र सम्बन्धित जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईबाट अनुगमन गरिएको थियो । परीक्षणपश्चात उत्तरपुस्तिका सङ्कलन, परीक्षण र प्राप्ताङ्कलाई इन्ट्रि गर्ने कार्य सम्पन्न भएको छ ।



NARN परीक्षण सञ्चालन



NARN सञ्चालनका लागि अभिमुखीकरण कार्यक्रम

## ३.१० विद्याथी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ८ को पूर्व परीक्षणः–

विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण (NASA) कक्षा ८ को लागि साधन विकास तथा अद्यावधिक गरी आगामी आर्थिक वर्षमा परीक्षण गर्नको लागि यस आर्थिक वर्ष २०८०/८१ मा २२ जिल्ला धनकुटा, खोटाङ, ओखलढुङ्गा, ताप्लेजुङ, पर्सा, सर्लाही, काठमाडौं, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, गोरखा, लमजुङ, म्याग्दी, स्याङ्जा, बर्दिया, गुल्मी, नवलपरासी, रुकुमपश्चिम, रोल्पा, बझाङ, डडेलधुरा, कञ्चनपुरमा सञ्चालन गरिएको, काठमाडौंमा १५ ओटा विद्यालय र अन्य जिल्लामा १३ ओटा विद्यालय समावेस गरी जम्मा २८८ विद्यालयमा पूर्व परिक्षण सञ्चालन गरिएको थियो । प्रत्येक विद्यालयबाट कक्षा ८ का अधिकतम २५ जना विद्यार्थीको सहभागिता गराइएको थियो । परीक्षणको उत्तरपुस्तिका केन्द्रमा सङ्कलन भई र सङ्कलित उत्तरपुस्तिका परीक्षण गरी तथ्याङ्क प्रविष्टि गरी विश्लेषणलगायतका कार्य गरिएको छ ।

## ३.११ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणः कक्षा १० को परीक्षण भएका उत्तर पुस्तिका परीक्षण र डाटा इन्ट्रिः–

आ.व. २०७९/८० मा सञ्चालन भएको कक्षा १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट संकलन गरिएका उत्तरपुस्तिकाका आधारमा विषयगत प्राप्ताङ्क र पृष्ठभमि प्रश्नावलीको डाटाबेस तयार गर्न परीक्षण भएका उत्तर पुस्तिका इन्ट्रिको लागि Kobo form विकास गरिएको थियो । यसरी विकास गरिएको फाराममा आधारित भई तथ्याङ्क इन्ट्री, Data verification र व्यवस्थापनको कार्य सम्पन्न भएको छ ।

## ३.१२ कक्षा ५ र १० को NASA परीक्षणको तथ्याङक विश्लेषण प्रतिवेदन लेखन र प्रबोधीकरणः–

विद्यार्थीहरुको सिकाइ उपलब्धिमा अभिवृद्धि गर्न एवम् राष्ट्रियस्तरमा नीतिगत सुधार तथा सरोकारवालाहरुले गर्नुपर्ने विविध सुधारका सम्बन्धमा प्रमाणमा आधारित सुझाव दिने अभिप्रायले कक्षा ५ र कक्षा १० को अघिल्ला आर्थिक वर्षहरुमा सञ्चालित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को तथ्याङक विश्लेषण प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न भएको छ ।



कक्षा ५ र १० को NASA प्रतिवेदन अन्तिमीकरणका लागि सुझाव तथा पृष्ठपोषण कार्यशाला, भक्तपुर



### ३.१३ विगतका प्रतिवेदनका आधारमा (NASA) अङ्ग्रेजी विषयको क्याप्सुल विकासः–

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) का विगतका नतिजाहरुलाई संक्षेपीकरण गरी अङ्ग्रेजी विषयको क्याप्सुल विकास गर्ने कार्यक्रम रहेकोमा कक्षा ५, ८ र १० को सन २०१२, २०१५, २०१९ र २०२० का विद्यार्थी उपलब्धीको राष्ट्रिय परीक्षण (NASA) को प्रतिवेदनहरुको व्यवस्थित रुपमा विज्ञहरुबाट अध्ययन विश्लेषण भई अङ्ग्रेजी विषयसँग सम्बन्धित तीनै कक्षा ५, ८ र १० को परीक्षण प्रतिवेदनबाट प्राप्त नतिजालाई एकिकृत र संश्लेषण गरी क्याप्सुल विकास गर्ने कार्य सम्पन्न गरिएको छ । यस कार्यमा सन २०१२ र २०१५ को कक्षा ५ को NASA प्रतिवेदन, सन २०१९ को कक्षा १० को NASA प्रतिवेदन र सन २०२२ को कक्षा ८ को NASA प्रतिवेदनलाई आधार लिइएको थियो ।

### ३.१४ शिक्षा तालिम केन्द्रको कार्यसम्पादन परीक्षण र प्रतिवेदन तयारीः–

प्रदेशका शिक्षा तालिम केन्द्रहरुमार्फत सञ्चालित कार्यक्रम र तिनको प्रभावकारिता पहिचान गरी भावी नीति निर्माण तथा कार्यक्रममा सुधार गर्नु पर्ने पक्षहरुको सम्बन्धमा सुझाव प्रदान गर्ने उद्देश्यले सञ्चालित यो परीक्षण कार्यक्रम गत आर्थिक वर्षमा नमुनाका रुपमा बाग्मती र मधेश प्रदेशका शिक्षा तालिम केन्द्रमा गरिएको थियो । यसका आधारमा कार्य सम्पादन परीक्षणबाट प्राप्त नतिजाका आधारमा परीक्षण मार्गदर्शन र साधन अध्यावधिक थप पृष्ठपोषण लिई अन्तिमीकरण गर्न सातओटै प्रदेशका शिक्षा तालिम केन्द्र प्रमुखहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । शिक्षा तालिम केन्द्रको कार्यसम्पादन परीक्षणको लागि विज्ञहरु छनौट गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विज्ञहरुबाट कार्यसम्पादन परीक्षण सम्पन्न भई प्रतिवेदनसमेत तयार भइसकेको छ ।



NASA अङ्ग्रेजी विषयको क्याप्सुल विकासका लागि अभिमुखीकरण

### ३.१५ शिक्षा विकास निर्देशनालयको कार्यसम्पादन परीक्षण साधन विकास र नमुना परीक्षणः–

नमुनाको रुपमा २ ओटा शिक्षा विकास निर्देशनालयको कार्यसम्पादन परीक्षण गर्नका लागि परीक्षण मार्गदर्शन र साधन विकास गरियो । यस कार्यक्रममा बागमती प्रदेश र मधेश प्रदेशको शिक्षा विकास निर्देशनालय छनौट गरी नमुना कार्यसम्पादन परीक्षण गरियो । उक्त कार्यका लागि विज्ञ परीक्षक छनौट र अभिमुखीकरण कार्य सम्पन्न गरियो । नमुना परीक्षणका आधारमा मार्गदर्शन र साधनलाई अद्यावधिक गरी आगामी वर्षमा सातओटै निर्देशनालयको कार्यसम्पादन परीक्षण गर्ने लक्ष्य रहेको छ । उक्त परीक्षणबाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा नीति निर्माणमा सुझाव प्रदान गर्ने लक्ष्य लिइएको छ ।

### ३.१६ माध्यमिक शिक्षा परीक्षाको स्तरीकरण अङ्कको विश्लेषण (Analyzing the SEE standardization scores):–

राष्ट्रिय परीक्षा बोर्डसँगको सहकार्यमा २०७९ सालको SEE परीक्षामा प्रयोग भएका उत्तरपुस्तिकाहरु संकलन गरी उक्त उत्तरपुस्तिकाका आधारमा विषयगत प्राप्ताङ्कको इन्ट्री गरेर तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरियो । यसका लागि प्रत्येक विषयमा सातवटै प्रदेश समेट्ने गरी SEE, २०७९ मा प्रयोग भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका करिव १०,००० उत्तरपुस्तिकाहरु संकलन गरी डेटावेस तयार गरिएको थियो र विद्यार्थीले प्राप्त गरेका अङ्कको आधारमा प्रत्येक प्रश्नको Item analysis र विद्यार्थी उपलब्धिको प्रदेशगत रुपमा तुलनात्मक विश्लेषण गरी प्रतिवेदन तयार गरिएको थियो ।

### ३.१७ जर्नल र बुलेटिन प्रकाशनः–

विद्यार्थी उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा मूल्याङ्कनसँग सम्बन्धित Experience, Review and Research मा आधारित भई ११ जना लेखकहरुद्वारा तयार गरिएको लेखलाई सम्बन्धित विषयका विज्ञबाट Peer review गराई Education Review Journal तयार गरी अनलाइनमा प्रकाशन गरियो । यसका साथै केन्द्रले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका कार्यहरुलाई समेटेर वार्षिक बुलेटिन तयार गरी प्रकाशन गर्ने कार्य गरियो ।

### ३.१८ सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण र प्रतिवेदनः–

शैक्षिक निकायको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निमित्त सम्बद्ध निकायलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने, जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायलाई आफ्नो कार्यसम्पादनस्तरको बाह्य तथा स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने, शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने, विद्यालयको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी एवम् प्रयोग गर्ने गराउनेलगायतका जिम्मेवारी किटान

गरिएको छ । विद्यालय कार्यसम्पादन परीक्षणको मुख्य उद्देश्य विद्यालयको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी शिक्षण सिकाइ प्रणालीमा सुधार गर्न प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने रहेको छ। विद्यालयको कार्यसम्पादनको परीक्षण गर्ने कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आ.व. २०७३/०७४ बाट सुरु गरी आ.व. २०८०/८१ सम्म ७२ जिल्लाको ५९४० सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने कार्य सम्पन्न भएको छ । आ.व. २०७८/०७९ सम्म परीक्षण गरिएका विद्यालयको कार्यसम्पादन परीक्षण प्रतिवेदन तयारी गरी सम्बन्धित सरोकारवालाहरुलाई प्रवोधीकरण गर्ने कार्य सम्पन्न भएको छ भने आ.व. २०७९/०८० तथा आ.व. २०८०/०८१ मा परीक्षण गरिएका तपसिलका जिल्लाको जिल्लागत र एकीकृत प्रतिवेदन तयार गर्ने कार्य यस आ.व.मा सम्पन्न गरिएको छ। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र.स. | कार्यक्रमको नाम | परिमाण | | | सम्पादित कामहरु |
|---|---|---|---|---|---|
| १ | चालु आव २०८०/०८१ मा सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण, तथ्याङ्क इन्ट्री/रुजु, प्रतिवेदन (जिल्लागत र एकीकृत) तयारी | ४ जिल्ला (खोटाङ, स्याङ्जा, गुल्मी र दैलेख) | ४४ वटा स्थानीय तह | ४५० वटा विद्यालय | • विद्यालयको कार्यसम्पादन परीक्षण<br>• तथ्याङ्क इन्ट्री/रुजु<br>• जिल्लागत र एकीकृत प्रतिवेदन तयारी |
| २ | गत आव २०७९/०८० मा कार्यसम्पादन परीक्षण गरिएका सामुदायिक माविहरुको जिल्लागत र एकीकृत तयारी | ४ जिल्ला ९ सुनसरी, रौतहत, सिन्धुपाल्चोक र प्युठान) | ५१ वटा स्थानीय तह | ३९५ वटा विद्यालय | • जिल्लागत र एकीकृत प्रतिवेदन तयारी |

### ३.१९ विद्यालय कार्यसम्पादन परीक्षण फ्लोअप कार्यक्रमः–

विद्यालयले निर्दिष्ट नीति तथा कार्यक्रम, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको लेखाजोखा गर्दै शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाको कार्य प्रणालीको परीक्षण पश्चात कार्यसम्पादन स्तरको अवस्था विश्लेषण गरी कार्यसम्पादन सुधारका क्षेत्र पहिचान गर्न आवश्यक भएकाले विद्यालय तथा निकायको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्य उपलब्ध गराउँदै उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहिता सुनिश्चित गर्ने कार्यलाई विद्यालय कार्यसम्पादन परीक्षणले जोड दिन्छ । कार्यसम्पादन परीक्षणलाई प्रभावकारी बनाउन बाह्य विज्ञबाट विद्यालयको कार्यसम्पादन परीक्षण गर्दा दिइएका सुझाव तथा कार्यान्वयनको अवस्था कस्तो छ ? सुझाव कार्यान्वयनका लागि के कस्ता प्रयास गरिएका रहेछन ? सुझाव कार्यान्वयनको नतिजा तथा उपलब्धि के रहेछ ? सुझाव कार्यान्वयनका क्रममा के कस्ता समस्या तथा चुनौतिहरु सामना गर्नुपर्यो र ती समस्याको सामाधान तथा चुनौतिको सामना गर्न के कस्तो योजना तथा कार्यक्रम तयार गरिएको रहेछ ? भनी जानकारी लिन र सुधारको लागि सुझाव प्रदान गर्न नियमित रुपमा स्वमूल्याङ्कन र फ्लोअप गर्ने कार्यक्रमअनुसार आ.व. २०८०/०८१ मा कार्यसम्पादन परीक्षणको समयमा विज्ञद्वारा दिइएका पृष्ठपोषण तथा सुझावको कार्यान्वयन र सुधारको अवस्था पहिचान गर्ने तथा विद्यालय तथा सम्बन्धित निकायलाई थप सुधारका लागि सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने प्रयोजनार्थ निम्न प्रदेश, जिल्ला र स्थानीय तहका विद्यालयमा कार्यसम्पादन परीक्षण फ्लोअप कार्यक्रम सम्पन्न भएको छ ।



कार्यसम्पादन परीक्षण फ्लोअप कार्यक्रमः तुलसीपुर, दाङ



कार्यसम्पादन परीक्षण फ्लोअप कार्यक्रमः मनहरी, मकवानपुर

| प्रदेश | जिल्ला | स्थानीय तह | कार्यसम्पादन परीक्षण फलोअप परीक्षण कार्यक्रम सञ्चालन गरिएका विद्यालयको सङ्ख्या |
|---|---|---|---|
| कोशी | सोलुखुम्बु | सोलुदुधकुण्ड | ७ |
| | | माप्या दुधकोशी | ५ |
| मधेश | सर्लाही | कौडेना गाउँपालिका | ३ |
| | | मलङ्गवा नगरपालिका | ६ |
| बागमती | मकवानपुर | मनहरी गाउँपालिका | ७ |
| | | हेटौंडा उपमहानगरपालिका | ७ |
| गण्डकी | कास्की | माछापुच्छे गाउँपालिका | ७ |
| | | पोखरा महानगरपालिका | ७ |
| लुम्बिनी | दाङ | दङ्गीशरण गाउँपालिका | ४ |
| | | तुलसीपुर उपमहानगरपालिका | ७ |
| कर्णाली | सुर्खेत | वीरेन्द्रनगर नगरपालिका | ७ |
| | | भेरीगङ्गा नगरपालिका | ७ |
| सुदूरपश्चिम | कैलाली | गौरीगङ्गा नगरपालिका | ७ |
| | | धनगढी उपमहानगरपालिका | ७ |
| **जम्मा** | | | **८८** |

### ३.२० नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता परीक्षणः–

विद्यालयको रणनीतिक दिशा निर्माण, शिक्षण तथा सिकाइको नेतृत्व, विद्यालय व्यवस्थापन, पेसागत क्षमता विकास, सरोकारवालाहरुसँगको संलग्नता र सहकार्य, वैयक्तिक गुण तथा सिप, नवप्रवर्तनात्मक तथा असल अभ्यास, सरोकारवालाको सन्तुष्टि जस्ता मुख्य क्षेत्र र ती क्षेत्रअन्तर्गतका सूचकका आधारित रहेर नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता परीक्षण गर्ने र गुणस्तरीय शैक्षिक सेवा प्रवाहमा मदत पुर्याउने उद्देश्यले कार्यसम्पादन परीक्षणको लागि मार्गदर्शन र परीक्षण साधन विकास गरिएको छ ।

### ३.२१ प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण ढाँचा विकासः–

प्रारम्भिक कक्षा (१-३) का बालबालिकाको सिकाईस्तर परीक्षण गर्ने उद्देश्यका साथ यस केन्द्रले प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सिप परीक्षण साधन विकास कार्यढाँचा तयार गरेको छ । सो कार्यढाँचामा आधारित भएर ४ ओटा प्रदेश लुम्बिनी, गण्डकी, बागमती र कोशीमा Item writing कार्यशाला सञ्चालन गरी उक्त साधनलाई विषय समितिबाट अन्तिमीकरण गरी Item Bank तयार गरिएको छ । यी साधन तथा कार्यढाँचालाई कुनै निकाय तथा गैह्रसरकारी संस्थाहरूबाट माग भएमा केन्द्रले परीक्षण प्रयोजनका लागि उपलब्ध गराउन सक्ने छ ।

### ३.२२ प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS- Early learning & development standard)ः–


प्रारम्भिक बालविकास केन्द्रको बालबालिकाको सिकाई तथा विकास स्तर परीक्षण गरी तीनै तहका सरकारलाई प्रारम्भिक बालविकासमा नीति, योजना, कार्यक्रम परिमार्जन एवम् विकासका लागि पृष्ठपोषण दिने उद्देश्यका साथ सञ्चालित यस कार्यक्रम अन्तर्गत परीक्षणको साधन Review र गत आर्थिक वर्षको प्रतिवेदन अन्तिमीकरण गर्ने कार्य सम्पन्न भएको छ ।

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा, सानोठिमी, भक्तपुर
# कार्यरत कर्मचारी विवरण

| क.स. | पद | नाम थर | शाखा | फोन नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | महानिर्देशक | चन्द्रकान्त भुसाल | | ९८४१२७४२८२ | ckbhusal033@gmail.com |
| २ | निर्देशक | दामोदर चापागाई | योजना तथा अनुगमन एकाइ | ९८५१२४१९५८ | chapagainkh@gmail.com |
| ३ | निर्देशक | नारायण प्रसाद झा | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८४१२५७०२६ | njha35@yahoo.com |
| ४ | निर्देशक | हरिप्रसाद निरौला | अनुसन्धान तथा विकास एकाइ | ९८४१६१२२१३ | niraulahpd@gmail.com |
| ५ | निर्देशक | यूवराज अधिकारी | कार्यसम्पादन परीक्षण एकाइ | ९८५८०५२४३३ | yubrajadhikari1976@gmail.com |
| ६ | शा.अ. | मोहन बहादुर सुनुवार | कार्यसम्पादन परीक्षण एकाइ | ९८५२८३५३८५ | sunuwarmohan1968@gmail.com |
| ७ | शा.अ. | धनवहादुर ओली | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८५७८२१४८६ | dboli77@gmail.com |
| ८ | ले.अ. | दिनेश कुमार पोखरेल | आर्थिक प्रशासन | ९८५२६८०९६३ | dineshpokharel2@gmail.com |
| ९ | शा.अ. | सुनिता बराल | अनुसन्धान तथा विकास एकाइ | ९८४१२०५८४९ | sunitabaral2019@gmail.com |
| १० | शा.अ. | निशा ओली | कार्यसम्पादन परीक्षण एकाइ | ९८४१४०९१३६ | olinisha9@gmail.com |
| ११ | शा.अ. | अष्ट लामा | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८५१०६९२३६ | astalama2019@gmail.com |
| १२ | शा.अ. | रेणुका अधिकारी | अनुसन्धान तथा विकास एकाइ | ९८४१३८१९५३ | nepalrenuka1@yahoo.com |
| १३ | शा.अ. | मीन बहादुर थापा | प्रशासन, योजना तथा अनुगमन एकाइ | ९८५११०९३२६ | thapamb777@gmail.com |
| १४ | शा.अ. | रितु श्रेष्ठ | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८४८२८३१६४ | reetushrestha987@gmail.com |
| १५ | शा.अ. | खगेन्द्र श्रेष्ठ | योजना तथा अनुगमन एकाइ | ९८४२०८४६९७ | khagendrashrestha67@gmail.com |
| १६ | शा.अ. | खिल नारायण श्रेष्ठ | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८५६०४०९५५ | knshrestha955@gmail.com |
| १७ | शा.अ. | कुमार घिमिरे | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८५१२३८९६२ | kghimire104@gmail.com |
| १८ | त.अ. | पवन मिजार | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८५४०८६२३७ | pawan.ero.statistics@gmail.com |
| १९ | ना.सु | शर्मिला भट्टराई | योजना तथा अनुगमन | ९८४१८७४१५६ | sharmilabhattaraighimire@gmail.com |
| २० | ना.सु | कुसुम रिमाल | योजना तथा अनुगमन | ९८६०२४६५६४ | rimalkusum85@gmail.com |
| २१ | प्रा.स | शोभा गाहामगर | कार्यसम्पादन परीक्षण एकाइ | ९८६९२१२७३८ | gahashova@gmail.com |
| २२ | क.अ. | सरोज वि क | प्रशासन, योजना तथा अनुगमन एकाइ | ९८४९६०१८९७ | sbk52399@gmail.com |
| २३ | क.अ. | कविता खतिवडा | प्रशासन, योजना तथा अनुगमन एकाइ | ९८४३३०८४७८ | mekabya79@gmail.com |
| २४ | प्रा.स | कर्णवहादुर राई | विद्यार्थी उपलब्धि परीक्षण एकाइ | ९८४२०९७५३८ | karnabdrai@gmail.com |
| २५ | ह.स.चा. | काले तामाङ | प्रशासन, योजना तथा अनुगमन एकाइ | ९८४१३८६४८२ | |
| २६ | का.स | अष्टमान महर्जन | प्रशासन, योजना तथा अनुगमन एकाइ | ९८४१३९४२१३ | astasapana@gmail.com |
| २७ | का.स | तुलसा भट्टराई | प्रशासन, योजना तथा अनुगमन एकाइ | ९८४३८८८३२४ | |
| २८ | ह.स.चा. | राम बहादुर लामा | प्रशासन, योजना तथा अनुगमन एकाइ (मन्त्रालयमा काज) | ९८४९४८६७४४ | |
| २९ | का.स | सिता थापा | प्रशासन, योजना तथा अनुगमन एकाइ (मन्त्रालयमा काज) | ९८४१७४०७११ | |
| ३० | का.स | कृष्ण देवी श्रेष्ठ | प्रशासन, योजना तथा अनुगमन एकाइ (मन्त्रालयमा काज) | ९८४३५८२७३० | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठन संरचना




*नोटः सो समूह र उपसमूहको पद कुनै पनि किसिमबाट रिक्त भएमा स्वतः शिक्षा प्रशासन समूहमा परिणत हुने छ।*


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर
फोन नं.: ९७७-१-६६३६५१८, ६६३४३६२, ६६३१२८८
वेवसाइटः www.ero.gov.np, इमेलः eronasa@gmail.com



**सल्लाहकार**

महानिर्देशक श्री चन्द्रकान्त भुसाल
शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**विषयवस्तु सङ्कलन तथा सम्पादन मण्डलका सदस्यहरु**

निर्देशक श्री दामोदर चापागाई, संयोजक, शैक्षिक गुणस्तर परीक्षण केन्द्र
निर्देशक श्री नारायण प्रसाद झा, सदस्य, शैक्षिक गुणस्तर परीक्षण केन्द्र
निर्देशक श्री हरिप्रसाद निरौला, सदस्य, शैक्षिक गुणस्तर परीक्षण केन्द्र
निर्देशक श्री युवराज अधिकारी, सदस्य, शैक्षिक गुणस्तर परीक्षण केन्द्र
शाखा अधिकृत श्री गोपालनारायण श्रेष्ठ, सदस्य, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शाखा अधिकृत श्री खगेन्द्र श्रेष्ठ, सदस्य, शैक्षिक गुणस्तर परीक्षण केन्द्र
शाखा अधिकृत श्री मीनबहादुर थापा, सदस्य सचिव, शैक्षिक गुणस्तर परीक्षण केन्द्र

**अन्य सदस्यहरु**

लेखा अधिकृत श्री दिनेश कुमार पोखरेल
नायब सुब्बा श्री शर्मिला भट्टराई
कम्प्युटर अपरेटर सरोज वि.क.